काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www.kankrebihar.com



राष्ट्रिय संस्करण | वर्ष : २५ | अंक : १७० | बिहीवार, १८ चैत, २०८२ | Thursday, 2 April 2026 | नेपाल संवत ११४६ | पृष्ठ : ४ | मूल्य : रू. १०

आजदेखि एसईई परिक्षा सुरू

देशभर पाँच लाख बढी विद्यार्थी सहभागी, कर्णालीमा ३८ हजारले परीक्षा दिँदै



विगतका वर्षहरूमा उत्तरपुस्तिका संकलन गरी जिल्ला तथा प्रदेशस्तरमा पठाएर परीक्षण गर्ने प्रणालीका कारण नतिजा सार्वजनिक हुन ढिलाइ हुने गरेको थियो ।

❐ काँक्रेविहार संवाददाता

सुर्खेत, १८ चैत

माध्यमिक शिक्षा परीक्षा (एसईई) आजदेखि देशभर एकैसाथ सुरु भएको छ । राष्ट्रिय परीक्षा बोर्डका अनुसार यस वर्ष कुल ५ लाख १२ हजार ४ सय २१ जना विद्यार्थी परीक्षामा सहभागी भएका छन् । परीक्षा चैत २९ गतेसम्म सञ्चालन हुनेछ, भने देशभरका ७७ वटै जिल्लामा रहेका १ हजार ९ सय ६६ परीक्षा केन्द्रबाट बिहान ८ बजेदेखि परीक्षा सुरु गरिने छ ।

यस वर्षको परीक्षामा प्राविधिक धारतर्फ १६ हजार ३ सय १२ तथा आंशिक (पार्सियल) तर्फ २ सय ६४ विद्यार्थी सहभागी रहेका छन् । परीक्षा व्यवस्थापनलाई विगतभन्दा थप प्रभावकारी, व्यवस्थित र प्रविधिमैत्री बनाउने उद्देश्यसहित राष्ट्रिय परीक्षा बोर्डले विभिन्न नयाँ व्यवस्था लागू गरेको छ । विशेषगरी नतिजा प्रकाशनमा हुने ढिलाइ अन्त्य गर्ने लक्ष्यसहित यसपटक परीक्षा प्रणालीमा सुधार गरिएको छ ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सहसचिव एवं प्रवक्ता शिवकुमार सापकोटाका अनुसार परीक्षा सकिएको तीन दिनभित्रै उत्तरपुस्तिका परीक्षण सुरु गरिनेछ । “यसपटक परीक्षा केन्द्रमै उत्तरपुस्तिका परीक्षण गर्ने व्यवस्था मिलाइएको छ, जसले नतिजा प्रकाशन प्रक्रियालाई छिटो, पारदर्शी र प्रभावकारी बनाउने उनले बताए ।

विगतका वर्षहरूमा उत्तरपुस्तिका संकलन गरी जिल्ला तथा प्रदेशस्तरमा पठाएर परीक्षण गर्ने प्रणालीका कारण नतिजा सार्वजनिक हुन ढिलाइ हुने गरेको थियो । तर यस वर्ष सो प्रक्रिया छोट्याउँदै स्थानीय स्तरमै मूल्यांकन सुरु गर्ने योजना अघि बढाइएको छ । यसले समय बचत गर्नुका साथै व्यवस्थापनमा सहजता ल्याउने अपेक्षा मन्त्रालयले गरेको छ ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री सस्मित पोखरेलले पनि समयमै नतिजा सार्वजनिक गर्न सम्बन्धित निकायलाई स्पष्ट निर्देशन दिएका छन् । सोही निर्देशनअनुसार राष्ट्रिय परीक्षा बोर्डले एक महिनाभित्रै परीक्षाफल सार्वजनिक गर्ने लक्ष्यसहित कार्यतालिका तयार पारेको छ । परीक्षण सम्पन्न भएपछि शिक्षा विकास तथा समन्वय इकाइमार्फत प्राप्ताङ्क संकलन गरी बोर्डमा पठाइनेछ । त्यसपछि इन्ट्री, रूजु तथा प्रमाणीकरण प्रक्रिया पूरा गरी वैशाख मसान्तसम्म नतिजा सार्वजनिक गरिने जनाइएको छ ।

यसैबीच, कर्णाली प्रदेशका प्रदेशका १० जिल्लाबाट यस वर्ष ३८ हजार ३ सय ७९ विद्यार्थी परीक्षामा सहभागी हुने छन् । परीक्षा सञ्चालनका लागि प्रदेशभर १ सय ६१ परीक्षा केन्द्र निर्धारण गरिएको छ । शिक्षा विकास निर्देशनालय सुर्खेतका सूचना अधिकारी तथा परीक्षा शाखा प्रमुख खिमप्रसाद ढकालका अनुसार कर्णालीमा नियमिततर्फ ३२ हजार २ सय ५५ र ग्रेड वृद्धितर्फ ६ हजार १ सय २४ विद्यार्थी परीक्षा दिइरहेका छन् । यो संख्या गत वर्षको तुलनामा ४ सय ६१ ले बढी रहेको उनले जानकारी दिए ।

जिल्लागत रूपमा हेर्दा सबैभन्दा बढी विद्यार्थी सुर्खेतमा रहेका छन् । सुर्खेतका ३४ परीक्षा केन्द्रबाट कुल ९ हजार ७ सय ७९ विद्यार्थी परीक्षा दिने छन्, जसमा ७ हजार २ सय ९४ नियमित र २ हजार ४ सय ८५ ग्रेडवृद्धितर्फका छन् । सबैभन्दा कम विद्यार्थी डोल्पामा रहेका छन्, जहाँ ४ परीक्षा केन्द्रबाट ६ सय ७४ विद्यार्थी मात्र सहभागी भएका छन् ।

अन्य जिल्लाहरूमा दैलेखबाट ६ हजार २ सय ५३, जाजरकोटबाट ४ हजार ८ सय १३, सल्यानबाट ४ हजार १ सय ४२, रुकुमपश्चिमबाट ३ हजार ९ सय २२ र कालीकोटबाट ३ हजार ७ सय १७ विद्यार्थी परीक्षा दिइरहेका छन् । त्यस्तै जुम्लाबाट २ हजार २ सय ५५, मुगुबाट १ हजार ५ सय २४ र हुम्लाबाट १ हजार ३ सय विद्यार्थी सहभागी भएका छन् ।

अघिल्ला वर्षहरूको तथ्याङ्क हेर्दा कर्णालीमा विद्यार्थी संख्या क्रमशः वृद्धि हुँदै गएको देखिन्छ । गत वर्ष ३७ हजार ९ सय ११ विद्यार्थी सहभागी भएका थिए, भने २०७९ मा ३८ हजार ९ सय ७० र त्यसअघि ३५ हजार ८ सय ८ विद्यार्थीले परीक्षा दिएका थिए । यस वर्ष पनि विद्यार्थी संख्या बढेसँगै परीक्षा व्यवस्थापनलाई थप प्रभावकारी, सुरक्षित र मर्यादित बनाउन सम्बन्धित निकायहरूले तयारीलाई तीव्र बनाएका छन् ।

प्रदेशभर शान्तिपूर्ण, मर्यादित र निष्पक्ष वातावरणमा परीक्षा सञ्चालन गर्ने लक्ष्यका साथ सुरक्षा व्यवस्था, अनुगमन तथा समन्वयलाई सुदृढ गरिएको छ । शिक्षा विकास निर्देशनालय परीक्षा अवधिभर कुनै पनि किसिमका अनियमितता हुन नदिन कडा निगरानी राख्ने जनाएको छ । यसपटकको सुधारिएको प्रणालीले नतिजा प्रकाशनमा मात्र होइन, समग्र परीक्षा व्यवस्थापनमा समेत सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको छ ।

मालपोत तथा भूमि सुधार कार्यालयमा बिचौलियालाई निषेध



❐ काँक्रेविहार संवाददाता

काठमाडौं, १८ चैत

भूमि व्यवस्थापन तथा अभिलेख विभागले देशभरका मालपोत तथा भूमि सुधार कार्यालयहरूमा अनधिकृत व्यक्तिको प्रवेशमा कडाइ गर्दै बाहिरी व्यक्तिलाई कार्यालयका कागजात र स्रेस्तामा पहुँच नदिन कडा निर्देशन जारी गरेको छ ।

विभागले बुधबार सबै मालपोत र भूमि सुधार कार्यालयलाई परिपत्र गर्दै कार्यालयका गोप्य र संवेदनशील कागजातहरूमा बिचौलिया तथा अनधिकृत व्यक्तिहरूको अनियन्त्रित पहुँच बढेको भन्दै यस्तो कदम चालेको हो । विभागद्वारा जारी पत्रमा अनधिकृत व्यक्ति प्रवेशमा रोक लगाउने सम्बन्धमा उल्लेख गर्दै कार्यालयका विभिन्न फाँटहरूमा हुने भिडभाड र कागजातको सुरक्षामा गम्भीर प्रश्न उठाइएको छ ।

विभागका शाखा अधिकृत कुल प्रसाद पराजुलीद्वारा हस्ताक्षरित पत्रमा भूमि प्रशासन निर्देशिका, २०८१ को दफा ६ मा मोठको सुरक्षा सम्बन्धी व्यवस्था र सोही निर्देशिकाको दफा ३२३ मा मिसिल तथा लिखत कागजातहरू बाहिरी व्यक्तिलाई दिन नहुने कानुनी प्रावधान रहेको स्मरण गराइएको छ ।

व्यवहारमा भने धेरै जसो कार्यालयहरूमा अनधिकृत/असम्बन्धित व्यक्ति र लेखापढी कानुन व्यवसायी तथा भूसेवा केन्द्र सञ्चालक तथा सहयोगीहरूले कार्यालयका गोप्य कक्षसम्म पहुँच पुऱ्याएको विभागको निष्कर्ष छ ।

अनुगमनका क्रममा भेटिएका दृश्यलाई उद्धृत गर्दै विभागले पत्रमा लेखेको छ, ‘अनधिकृत व्यक्तिहरू कार्यालयको फाँटफाँटमा प्रवेश गरी कार्यालयको मोठ स्रेस्ता, रोक्का अभिलेख, तामेली शाखामा रहेको अभिलेख लगायत विभिन्न शाखाहरुमा रहेका कागजात तथा विवरणहरु हेर्ने गरेको’ पाइएको छ ।

यति मात्र होइन, ती व्यक्तिहरूले एक शाखाबाट अर्को शाखामा कागजातहरू लैजाने गरेको जस्ता कार्य भइरहेको गुनासो प्राप्त भएको र विभागको निरीक्षणमा समेत त्यस्ता कार्य पुष्टि भएको पत्रमा उल्लेख छ ।

कार्यालयको सुरक्षा र गोपनीयतामा आँच पुगेको भन्दै विभागले अबदेखि कार्यालयभित्र अनधिकृत व्यक्तिको प्रवेशलाई रोक्न र कार्यालयको स्रेस्ता तथा अभिलेख अन्य व्यक्तिले हेर्ने, चलाउने, एक शाखाबाट अर्को शाखामा लैजाने जस्ता कार्य अविलम्ब रोकी त्यस्ता कार्य हुन नदिने व्यवस्था गर्न निर्देशन दिएको छ ।

विभागको यो निर्देशनसँगै अब मालपोत कार्यालयहरूमा कर्मचारीबाहेक अन्य व्यक्तिले फाइल ओसारपसार गर्ने वा ढड्डा पल्टाएर विवरण हेर्ने कार्यमा पूर्ण प्रतिबन्ध लागेको छ ।

सभामुखको निर्वाचन चैत २२ गते

❐ काँक्रेविहार संवाददाता

काठमाडौं, १८ चैत

यही चैत २२ गते प्रतिनिधि सभाका सभामुखको चयन हुने भएको छ ।

बुधवार बसेको सर्वदलीय बैठकले सो निर्णय गरेको हो ।

यसका लागि चैत २० गते सभामुखको उम्मेदवारी मनोनयन हुनेछ ।

आज सरकारले प्रतिनिधि सभाको पहिलो बैठक बोलाएको छ । पहिलो बैठकमा समामुख र उपसभामुख निर्वाचनको कार्यसूची पेस हुनेछ ।

संसद बैठकअघि बुधवार संसदमा प्रतिनिधित्व गर्ने दलहरूको सर्वदलीय बैठक बसेको हो ।

आज संसदको पहिलो बैठकमा सभामुख निर्वाचनका लागि प्रस्ताव पेस गर्ने, भोली २० गते मनोनयन दर्ता गर्ने र २२ गते निर्वाचन गर्ने कार्यतालिका तय गरिएको रास्वपाका महामन्त्री कविन्द्र बुर्लाकोटीले जानकारी दिए ।

झण्डै दुई तिहाई बहुमत ल्याएको राष्ट्रिय स्वतन्त्र पार्टीका उपसभापति डीपी अर्यालको सभामुखमा चर्चा छ ।

जडिबुटी व्यवस्थापनका लागि पाँचवर्षीय योजना बन्दै

❐ काँक्रेविहार संवाददाता

हुम्ला, १८ चैत

हिमाली जिल्ला हुम्लामा वनजडिबुटीको व्यवस्थित व्यवस्थापनका लागि पाँचवर्षीय कार्ययोजना निर्माण हुने भएपछि स्थानीय व्यवसायीहरूमा उत्साह बढेको छ । यसअघि स्पष्ट कार्ययोजना नहुँदा संकलित जडिबुटी निकासी गर्न अन्य जिल्लाबाट अनुमति लिनुपर्ने बाध्यता थियो, जसले गर्दा धेरै जडिबुटी बिग्रने समस्या समेत देखिएको थियो ।



डिभिजन वन कार्यालय हुम्लाका प्रमुख महेश कुमाईका अनुसार आगामी वैशाखको अन्तिम सातासम्म कार्ययोजना तयार पारिनेछ । यसका लागि १२ लाख रुपैयाँ बजेट विनियोजन गरिएको छ । योजना कार्यान्वयनमा आएपछि नयाँ आर्थिक वर्षदेखि जडिबुटी निकासी प्रक्रिया सहज र व्यवस्थित हुने अपेक्षा गरिएको छ ।

कार्ययोजनाअनुसार जटामासी जस्तो प्रमुख जडिबुटीको वार्षिक करिब ३ लाख ४० हजार केजीसम्म निकासीको व्यवस्था गरिनेछ । साथै, ५० भन्दा बढी अन्य जडिबुटीको निकासीसमेत व्यवस्थापन गरिने जनाइएको छ । जडिबुटी व्यवसायी संघ हुम्लाका अध्यक्ष राजबहादुर शाहीले योजना कार्यान्वयनपछि व्यवसाय सञ्चालनमा सहजता आउने विश्वास व्यक्त गरे ।

यसैबीच, योजना निर्माणको जिम्मा पाएको नेचुरल रिसोर्सेस एन्ड इन्भारोमेन्टल म्यानेजमेन्ट सेन्टर प्रालिले सरोकारवालासँग राय र सुझाव सङ्कलन कार्यक्रम सञ्चालन गरिरहेको छ ।

कार्यक्रममा प्राविधिक डा. नागेन्द्र यादवको टोली पनि सहभागी भएको थियो । व्यवसायी छिरिङ लामाका अनुसार यस वर्ष जटामासी र कुटकी निकासीका लागि आवश्यक अनुमति नपाउँदा छिमेकी जिल्लाबाट कागजात मिलाउनुपरेको थियो ।

यस प्रक्रियाले करिब ५० देखि ६० क्विन्टल जडिबुटी सुरक्षित रूपमा निकासी गर्न कठिनाइ भएको र धेरै व्यवसायीले आर्थिक नोक्सानी व्यहोर्नुपरेको गुनासो गरेका छन् ।

आज संसद्को पहिलो बैठक, रवि, बादल, प्रचण्ड, हर्क र ज्ञानेन्द्रले सम्बोधन गर्ने

❐ काँक्रेविहार संवाददाता

काठमाडौं, १८ चैत

फागुन २१ गतेको निर्वाचनबाट चयन भएको प्रतिनिधि सभाको पहिलो बैठकमा शीर्ष नेताहरूले सम्बोधन गर्ने सहमति जुटेको छ । बुधबार कांग्रेस सांसद अर्जुननरसिंह केसीको संयोजकत्वमा सिंहदरबारमा बसेको बैठकले शीर्ष नेताहरूबाट सम्बोधन हुने सहमति जुटाएको हो । यसरी सम्बोधन गर्ने शीर्ष नेतामा राष्ट्रिय स्वतन्त्र पार्टीबाट सभापति रवि लामिछानेले बोल्नेछन् । उनीलाई पायक नपरेको खण्डमा वरिष्ठ नेता तथा प्रधानमन्त्री बालेन्द्र शाहले सम्बोधन गर्ने सम्भावना छ । उता नेकपा एमालेबाट संसदीय दलका नेता रामबहादुर थापा बादलले सम्बोधन गर्ने तालिका तय भएको छ । नेपाली कांग्रेसले कसलाई बोल्न दिन्छ भन्ने अहिलेसम्म टुङ्ग्याएको छैन । कांग्रेसले अझै पनि संसदीय दलको नेता पनि चयन गर्न सकेको छैन । सभापति गगन थापासहित अधिकांश पराजित भएको अवस्थामा दलको नेता चयन हुन बाँकी छ । कांग्रेसमा अहिले शेरबहादुर देउवा पक्ष र संस्थापन गगन थापा पक्षबीच किचलो देखिएको छ । केही सांसदहरू देउवा पक्षमा पनि देखिँदा झमेला हुने सम्भावना छ ।

डिजिटल युगको विश्वसनीय आवाज

www.kankrebihar.com

सम्पादकीय

भ्रष्टाचारविरुद्ध कडा सन्देश

कर्णाली प्रदेशमा पछिल्लो समय भ्रष्टाचारविरूद्धको कारवाहीले गति लिएको देखिन्छ । अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालय सुर्खेतले सार्वजनिक गरेको विवरण र हालै दायर भएका मुद्दाहरूले सरकारी संयन्त्रभित्र रहेको अनियमितता उजागर मात्र गरेका छैनन्, नियन्त्रणतर्फको प्रयास पनि सशक्त बन्दै गएको संकेत गरेका छन् । दैलेखको डुङ्गेश्वर गाउँपालिकामा कार्यरत एक वरिष्ठ लेखा अधिकृत घुससहित रंगेहात पक्राउ पर्नु, जुम्लामा सवारी चालक अनुमतिपत्र वितरणमा व्यापक अनियमितता भेटिनु र रूकुम पश्चिममा एक नगरप्रमुख नै घुस प्रकरणमा मुछिनु जस्ता यी घटनाहरू सामान्य प्रशासनिक कमजोरीका उदाहरण मात्र होइनन् । यी प्रकरणहरूले राज्यका विभिन्न तहमा सुशासनको अवस्था अझै चुनौतीपूर्ण रहेको स्पष्ट पार्छन् । सेवा प्रवाहलाई सहज बनाउने नाममा घुस लेनदेन हुनु, नियमविपरीत अनुमतिपत्र वितरण हुनु वा व्यक्तिगत स्वार्थका लागि पदको दुरूपयोग हुनु, यी सबैले नागरिकको राज्यप्रति भरोसा कमजोर बनाउने काम गर्छन् । उजुरीका आधारमा अनुसन्धान भई दोषीविरूद्ध मुद्दा दायर हुनु, रंगेहात पक्राउजस्ता कारवाही हुनु, र उच्च पदस्थ व्यक्तिहरू समेत अनुसन्धानको दायरामा आउनु, यसले कानुनी शासन बलियो बन्दै गएको संकेत गर्छ । यसले "कानूनभन्दा माथि कोही छैन" भन्ने सन्देश समाजमा स्थापित गर्न मद्दत पुर्‍याएको छ ।

चालु आर्थिक वर्षमा कर्णालीबाट ६३४ उजुरी दर्ता हुनु सामान्य तथ्यांक मात्र होइ । यो नागरिक चेतनाको सूचक पनि हो । अझ महत्त्वपूर्ण कुरा, तीमध्ये अधिकांश उजुरी अनलाइन प्रणालीमार्फत आउनु डिजिटल पहुँचको विस्तारसँगै पारदर्शिता बढेको प्रमाण हो । यसले नागरिकलाई सजिलै आवाज उठाउने माध्यम दिएको छ, जुन लोकतान्त्रिक शासन व्यवस्थाको आधार हो । यद्यपि, उजुरीको संख्या बढ्नु आफैंमा समाधान होइन । यसको अर्थ समस्या अझै व्यापक छ भन्ने हो । त्यसैले आयोगले केवल उजुरी संकलनमा सीमित नरही अनुसन्धानको गुणस्तर, प्रमाण व्यवस्थापन र समयमै कारवाही सुनिश्चित गर्नुपर्छ । ढिलो न्यायले न्यायको अर्थ हराउँछ भन्ने यथार्थलाई मनन गर्दै छिटो र निष्पक्ष निर्णयतर्फ ध्यान दिन जरूरी छ । अर्कोतर्फ, सार्वजनिक निकायहरूले पनि आन्तरिक नियन्त्रण प्रणाली बलियो बनाउनुपर्ने देखिन्छ । भ्रष्टाचार भएपछि मात्र कारवाही गर्ने होइन, हुनै नदिने वातावरण निर्माण गर्नु दीर्घकालीन समाधान हो । पारदर्शी प्रक्रिया, नियमित अनुगमन, र जिम्मेवार नेतृत्वले मात्रै यस्तो अवस्था सिर्जना गर्न सक्छ । भने नागरिकको भूमिकालाई पनि नजरअन्दाज गर्न मिल्दैन । तथ्यमा आधारित उजुरी दिनु, गलत कार्यको विरोध गर्नु र सार्वजनिक सम्पत्तिको संरक्षणमा सचेत रहनु प्रत्येक नागरिकको दायित्व हो । आयोगले उजुरीकर्ताको गोपनीयता सुरक्षित राख्ने प्रतिबद्धता जनाएको सन्दर्भमा, यसले अझ बढी नागरिक सहभागिता आकर्षित गर्न सक्छ ।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालय सुर्खेतले प्राप्त उजुरीमाथि कडा निगरानी बढाउँदै धमाधम कारवाही सिफारिस गर्न थालेको जनाएको छ । आयोगका अनुसार पछिल्लो समय उजुरीहरूको प्रारम्भिक छानबिन तीव्र बनाइँदै अनियमितता पुष्टि भएका प्रकरणहरूमा आवश्यक कानुनी प्रक्रिया अघि बढाइएको हो । विश्वसनीय आधारसहित आएका उजुरीहरूलाई छिटो छानबिन गरी सम्बन्धित निकायमा कारवाही सिफारिस गर्ने काम धमाधम हुनुपर्छ । सार्वजनिक सेवा प्रवाहमा देखिएका अनियमितता, घुस लेनदेन, पदको दुरूपयोग लगायतका विषयमा आएका उजुरीमाथि विशेष ध्यान दिनुपर्छ । प्रमाण पुष्टि भएका घटनामा सम्बन्धित कर्मचारी वा निकायविरूद्ध विभागीय कारवाही, मुद्दा दर्ता वा अन्य कानुनी प्रक्रिया अघि बढाउन सिफारिस पनि गरिएको छ । समग्रमा कर्णालीमा देखिएको पछिल्लो प्रवृत्तिले भ्रष्टाचारविरूद्धको लडाइँ नयाँ चरणमा प्रवेश गरेको संकेत गर्छ । अब चुनौती भनेको यो गतिलाई निरन्तरता दिनु र परिणाममुखी बनाउनु हो । सुशासन केवल नारा होइन, व्यवहारमा उतार्नुपर्ने मूल्य हो । र त्यसका लागि राज्य, संस्था र नागरिक सबैको साझा प्रयास अपरिहार्य छ ।

शिथिल अर्थतन्त्र चलायमान बनाउन के गर्न सक्छ सरकारले ?



✍ मुराहरि पराजुली

म प्रत्येकचोटि गृहनगर पोखरा आउँदा यसको विगतसँग र अरू नगरहरूसँग तुलना गर्छु – बाटाघाटा कस्ता थिए, कस्ता भए? घरहरू कस्ता थिए, कस्ता भए? सरसफाइ, बिजुली, पानी, यातायात, सञ्चार सुविधा पहिले कस्तो थियो, अहिले कस्तो भयो?

यसै क्रममा यसपालि पोखराको नगर बसबाट यात्रा गर्दै गर्दा मैले विकसित भनिएका सहरका सार्वजनिक यातायात सुविधासँग मनमनै तुलना गर्न थालेँ । किनभने, सहरी यातायातको अवस्थाले सामान्य नागरिकलाई राज्यले कस्तो व्यवहार गर्छ भन्नेबारे धेरै कुरा बताउँछ ।

सहज सार्वजनिक यातायात उचित नियम, कानुन, पर्याप्त भौतिक पूर्वाधार र सभ्य नागरिक संस्कृतिको परिचायक हुन्छ । यी तीन चिजमध्ये एकको अभावमा सहज सार्वजनिक यातायातले पूर्णता पाउँदैन । सार्वजनिक यातायात प्रयोकर्तामैत्री हुँदैन ।

स-साना बालबालिकादेखि प्रौढ नागरिक तथा शारीरिक अपांगता भएकाले सार्वजनिक यातायातको प्रयोग गरी आफ्नो दैनिक व्यवहार अगाडि बढाउन सक्छन् कि सक्दैनन्? केटाकेटी स्कुल जाने, कलेज जानेहरू कलेज जाने, कामदार काममा जाने लगायत विभिन्न उद्देश्यले एक ठाउँबाट अर्को ठाउँमा जान मान्छेले प्रयोग गर्ने साधन कुन हो भन्ने कुराले धेरै अर्थ राख्छ ।

म पृथ्वीचोकदेखि नदीपुर जाँदै थिएँ ।

मलाई थाहा छ – एउटा गन्तव्य र एउटा समयको यात्रालाई लिएर समग्र सार्वजनिक यातायातबारे निष्कर्ष निकाल्नु गलत हुन्छ । तैपनि यस्ता यात्राले केही झलक भने अवश्य नै दिन्छ ।

त्यो यात्राबाट मलाई पोखराको सार्वजनिक यातायात काठमाडौंको भन्दा प्रयोगकर्तामैत्री रहेको निष्कर्ष निकाल्न कठिन भएन ।

त्यो यात्राको रोचक पक्ष भने अलग्गै छ । नगर-बसमा म पछाडिको सिटमा बसेको थिएँ । मसँगै एक जना प्रौढावस्थाका यात्रु थिए, अरू तीन सिट खाली थिए ।

हामीभन्दा अगाडि दुवैतर्फ एक-एक जना यात्रु थिए । बस भरिएको थिएन ।

जसै बस चल्न थाल्यो एकअर्कासँग अपरिचित ती यात्रुहरू देशकाल परिस्थितिबारे गफिन थाले । हालै सम्पन्न चुनावको समीक्षा गरे ।

मसँग बसेका ती ज्येष्ठ नागरिकले भने, 'पहिलेकाले जति बिगार्ने बिगारे । घन्टी पनि त्यही बिगार्ने बाटोमा नलागोस् । पाखुरा हाम्रा बलियै छन् के रे! कसैले केही गर्ने पर्दैन । को आएर के हुने हो र?'

उनले सामान्य भाषामा भनेको गहिरो कुराले मलाई चार वर्षअघिको एउटा प्रसंग याद आयो ।

शुक्रबार अर्थमन्त्री बनेका स्वर्णिम वाग्लेको लेखसंग्रह 'अतृप्त अवसर' को काठमाडौंमा विमोचन थियो ।

किताबमा यति कुरा लेखेपछि उनले थप जोड दिँदै भनेका थिए, 'बुझ्नुभयो नि, तपाईं एक्लो जस्तो देखिनुहुन्छ तर एक्लो हुनुहुन्न । हामी पनि छौं ।'

हो, नेपालमा खुला र न्यायमूलक अर्थतन्त्रको पैरवी गर्ने मान्छे कम छन् । उनीहरूका अवाज संगठित र मुखरित भएका छैनन् । मैले व्यक्तिगत स्वतन्त्रता (जिम्मेवारी पनि) र न्यायमूलक आर्थिक व्यवस्थाका पक्षमा आवाज उठाउँदै आएको छु ।

त्यस्तो व्यवस्थामा सरकार कम हस्तक्षेपकारी हुन्छ । बजारले अधिकतम आर्थिक गतिविधि समेट्छ । अर्थतन्त्र वितरणमुखी होइन, उत्पादनमुखी हुन्छ । नागरिक निर्बाध रूपमा वस्तु तथा सेवा उत्पादन गरी एकअर्कासँग विनिमय गर्छन् ।

पोखरा नगर-बसका मेरा सहयात्री ती ज्येष्ठ नागरिकको भनाइको भाव पनि स्वतन्त्रता र व्यक्तिगत जिम्मेवारीको पक्षमा थियो । त्यो राज्यको न्यूनतम हस्तक्षेपको पक्षमा थियो । तर, यस्ता आवाज छरिएको छ । एकत्रित छैन । समस्या त्यस्ता आवाजको एकरूपता (कन्सिस्टेन्सी) र संगतिमा पनि छ ।

मेरा सहयात्रीले त्यो प्रसंगमा त्यो कुरा भने पनि अर्को प्रसंगमा अर्कै कुरा गर्न सक्छन् । राजनीतिक स्वतन्त्रता र आर्थिक खुलापनको कुरा गर्ने धेरैले यस्तै गल्ती गर्छन् । कुन कुरा राज्यले गर्ने हो, कुन बजारले भन्नेमा हामी स्पष्ट हुन सकेका छैनौं ।

हाम्रो समाज लामो समयदेखि राज्यप्रधान वामपन्थी सोचमा अल्मलिएकाले साधारण नागरिकदेखि नेतृत्वमा पुगेकाहरू सबैको प्रिय हुने भाषा बोल्छन् । सबै कुरा राज्यले गर्नुपर्छ भनी लोकप्रिय नारा सबै दलले दिएका छन् ।

'समाजवादी खोल ओढेको घोर पुँजीवादी' र 'सामन्तीहरूको दल' भनेर कम्युनिस्टहरूले आरोप लगाउने गरेको कांग्रेसले समेत 'कोखदेखि शोकसम्म' को नारा दिएको छ । कांग्रेस पुँजीवादी दल हुन्थ्यो भने त यस्तो नारा नदिनुपर्ने होइन र ?

यो माहोल एकाएक सिर्जना भएको होइन, वर्षौंदेखि वामपन्थीहरूले हामीलाई देश पुँजीपतिहरूले लुटे, अर्थतन्त्र संकटमा छ, देशको अस्तित्व संकटमा छ, गरिब निमुखालाई सरकारले हेरेन, शिक्षा निःशुल्क हुनुपर्छ, स्वास्थ्य निःशुल्क हुनुपर्छ र यी सबै चिज गर्न बलियो सरकार चाहिन्छ भनेका थिए ।

यस किसिमको गलत कथनको शिकार नेपाली समाज भएको छ ।

यस किसिमको वाम लोकप्रियतावाद र प्रचार मुखी राजनीतिको चपेटामा सबै दल परेका छन् । हाम्रो अर्थतन्त्र र देशको समस्या उनीहरूले प्रचार गरे जस्तो कुनै पनि होइन ।

बरू तिनै ज्येष्ठ नागरिकले भनेजस्तो राज्यले नगर्नुपर्ने काम गर्नाले र गर्नुपर्ने काम नगर्नाले समस्या सिर्जना भएको हो ।

नागरिकमुखी चिन्तनको अभावले समस्या ल्याएको हो । स्वतन्त्र समाज र खुला अर्थतन्त्रको वैचारिक जग निर्माण गर्नेमध्येका एक बेलायती चिन्तक जोन लकले भनेका थिए, 'मान्छेको प्राकृतिक अधिकार भनेको जीवन, स्वतन्त्रता र सम्पत्ति हो ।राज्य प्राकृतिक होइन, सामाजिक निर्माण हो, सामाजिक सम्झौताबाट गठित राज्यको एक मात्र कर्तव्य नागरिकको प्राकृतिक अधिकारको रक्षा हो ।'

यसलाई अमेरिकीहरूले थोरै संशोधन गरेर सन् १७७६ को 'डिक्लेरेसन अफ इन्डिपेन्डेन्स (म्भअबिचबतष्यल या क्ष्लमभउभलमभलअभ)' मा राखे ।

उनीहरूले व्यक्तिगत स्वतन्त्रतामा जोड दिए । व्यक्तिगत स्वतन्त्रताले नागरिकलाई झन् बढी जिम्मेवार बनाउँछ भन्ने अमेरिकी संस्थापक नेताहरूको मान्यता थियो । जोन लकको 'सम्पत्ति' को सट्टामा उनीहरूले 'सुखको खोजी' राखे ।

स्वतन्त्रता पक्षधर फ्रान्सेली चिन्तक फ्रेडरिक बास्टियाटले सन् १८५० को पुस्तक 'दल' मा कानुनको उद्देश्य र यसको दुरूपयोगबारे तर्क गरेका छन् ।

उनले भनेका छन्, 'जीवन, स्वतन्त्रता र सम्पत्ति सरकारले हामीलाई दिएको उपहार होइन । यी अधिकार मानिस हुनुका नातोले हामीसँग पहिल्यैदेखि हुन्छ । कानुनको एक मात्र काम यी तीन कुराको रक्षा गर्नु हो । जब कानुनले एक व्यक्तिको सम्पत्ति खोसेर अर्कोलाई दिन्छ, तब त्यो लुट हुन्छ । कुनै सामान्य नागरिकले यसो गरेमा त्यो अपराध भए जस्तै, सरकारले कानुन बनाएर त्यसो गऱ्यो भने त्यो वैधानिक लुट हुन्छ ।'

सरकारले नागरिकलाई कसरी बाँच्ने, कुन धर्म मान्ने, कसरी व्यापार गर्ने भनेर सिकाइ रहनुपर्दैन । सरकारको ध्यान त केवल नागरिकले एकअर्काको अधिकार हनन नगरून् भन्नेतर्फ हुनुपर्छ ।

दान, सहयोग, परोपकार गलत होइन तर त्यो स्वेच्छिक हुनुपर्छ । सरकारले कसैलाई मद्दत गर्न कसैको खल्तीबाट पैसा निकाल्छ भने त्यो न्यायोचित हुँदैन ।

हामी समाजलाई स्वतन्त्र राखिराख्न चाहन्छौं भने एउटा कुरा बुझ्न आवश्यक छ – कुनै व्यक्ति वा समूहको निश्चित चाहना पूर्तिका लागि कसैले कसैलाई जोरजबरजस्ती गर्न सक्दैन ।

तपाईंका चाहना जतिसुकै सुन्दर किन नहुन्, त्यसले अर्को व्यक्तिमाथि कानुनी, आर्थिक, सामाजिक वा शारीरिक दबाब सिर्जना गर्छ भने त्यो न्यायसंगत हुँदैन । डर, धाकधम्कीको जगमा कुनै पनि स्वतन्त्र र न्यायमूलक समाज उभिएको हुँदैन ।

मलाई 'स्वतन्त्र र न्यायमूलक नेपाली अर्थतन्त्र' का पक्षमा लड्न प्रोत्साहित गर्ने वर्तमान अर्थमन्त्री स्वर्णिम वाग्लेको पार्टीको घोषणापत्र भने उनको भनाइ जत्तिकै उदार छैन ।

घोषणापत्रमा पार्टीको सैद्धान्तिक धरातलमा संवैधानिक समाजवाद, कल्याणकारी राज्यको चर्चा छ । उदार अर्थिक नीति, स्वतन्त्र बजार व्यवस्था अँगाल्छौं भनिएको छ । तर घोषणापत्रका अधिकांश कार्यक्रम वाममार्गी मानसिकताले ओतप्रोत छन् ।

घोषणापत्र भन्छ, 'अब लोककल्याणकारी राज्य लाभ वितरणमा सीमित नभई वृद्धिको स्वरूपलाई रूपान्तरण गरी दीर्घकालीन आर्थिक, सामाजिक र पर्यावरणीय सन्तुलनको आधार निर्माण गर्नेछौं ।'

सोही घोषणापत्रमा 'गर्भदेखि अन्त्येष्टि' सम्म भन्ने नारा पनि अटाएको छ ।

यो नारामा शब्द फरक छन् तर कार्यान्वयनमा आयो भने यसले दिने नतिजा पुराना दलका उही वितरणमुखी कार्यक्रमकै जस्तो हुन्छ ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले अरू पार्टीभन्दा अलग सामाजिक सुरक्षा कार्यक्रमका अगाडि 'धान्न सकिने' भन्ने विशेषण जोडेको मात्र छ । राजनीतिक अभियान र संगठन अगाडि बढाउन भावनात्मक कुरा नगरी सुखै छैन । तर त्यसरी खडा भएको र अगाडि बढेको संगठन तथा अभियान टिकाइराख्न केही ठोस काम गर्नुपर्छ ।

रास्वपाको उदय केही अमूर्त र भावनात्मक कुराहरूबाट भएको थियो । अब त्यस्ता कुरा मूर्त र वस्तुगत बनाउने चुनौती उसको सामु आएको छ ।

चुनावअघि कान्तिपुरमा प्रकाशन भएको एउटा सर्वेक्षण अनुसार यसपालि एक प्रतिशत मतदाताले मात्र घोषणापत्र पढेर भोट हाल्ने निर्णय गरेका थिए । अर्थात् पार्टीले कस्तो समाजको परिकल्पना गरेको छ, मुलुकको जल्दोबल्दो समस्या के हो, ती समस्या के कस्ता कार्यक्रममार्फत कसरी समाधान गर्ने भन्ने विषयमा मतदाताले चासो दिएनन् ।

यो नौलो कुरा होइन ।

विगतमा पनि हाम्रा मतदाताले घोषणापत्र पढेर कसलाई मत हाल्ने भन्ने निर्णय गरेका थिएनन् । अन्यत्र पनि चुनावी जित-हारमा घोषणापत्र निर्णायक हुँदैन ।

यसको अर्थ घोषणापत्र तर्जुमा गर्दा हेलचेक्र्याइँ र कार्यान्वयनमा इमानदार नभए हुन्छ भन्ने होइन । विगतमा पुराना दलहरूले घोषणापत्र मार्फत फोस्रा आश्वासन बाँडेका थिए र कार्यान्वयनमा पनि पटक्कै ध्यान दिएका थिएनन् । यो गल्ती रास्वपाले दोहोऱ्याउन हुँदैन ।

दलहरूका केही पात्रका कारण हाम्रो लोकतन्त्र जीवन्त बन्न सकेको थिएन । विधायिका, न्यायपालिका र कार्यपालिका जस्ता लोकतान्त्रिक राज्यका सबै अंगहरू भएर पनि प्राणहीन थिए ।

तसर्थ राज्य-व्यवस्था र शासनमा प्राण भरेर रास्वपाले नेपाली समाजको रूपान्तरण गर्नुपर्छ । त्यस अवस्थामा अर्थतन्त्रले स्वाभाविक गति लिन्छ । गतिशील अर्थतन्त्रले बहुसंख्यक नागरिकका लागि अवसर सिर्जना गर्छ । बहुसंख्यक नागरिक स्वाधीन, आत्मनिर्भर र स्वाभिमानी हुने समाजमा सरकारले 'हेर्नुपर्ने' भनिएका मान्छे नगन्य हुन्छन् ।

उसो भए शिथिल अर्थतन्त्र चलायमान बनाउन सरकारले के गर्न सक्छ?

यसको उत्तर पोखराको नगर-बसका मेरा सहयात्री ज्येष्ठ नागरिकको भनाइमा भेटिन्छ । सरकारले केही गर्ने पर्दैन । नागरिक सक्षम छन्, सरकारले अनुकूल परिवेश निर्माण गरिदिए मात्र पुग्छ ।

अर्थशास्त्रको भाषामा नेपाल अहिले न्यून मागको अवस्थाबाट गुज्रिरहेको छ । उपभोग खर्च तथा उत्पादनशील लगानीका लागि पुँजीको माग छैन नै सट्टेबाजी उद्देश्यले पनि कुनै कारोबार गर्ने गरी जनताको मनोबल उठेको देखिँदैन ।

विगतमा अकासिएको घरजग्गा, धितोपत्र लगायत सम्पत्तिहरूको मूल्य अहिले ओरालो लागिरहेको वा स्थिर छ । कुशासनले सबै क्षेत्रमा आर्थिक लागत बढाएको र उत्पादकत्व घटाएको छ । अर्कोतिर वस्तु तथा सेवाको बढी खपत गर्ने उमेर समूहका जनसंख्याको पलायनले अतिरिक्त मागको सिर्जना हुन सकेको छैन ।

नेपालको हुलाकले बालेन 'स्पिड'मा 'डिजिटल डेलिभरी' दिनसक्छ ?



✍ अस्मिता पराजुली

सरकार गठन लगत्तै शनिबार सय बुँदे कार्ययोजना सार्वजनिक गरिसकिएको छ । मुख्यतः कार्ययोजनाले सुशासन, पूर्वाधार विकास र निम्नवर्गलाई सम्बोधन गर्न खोजेको देखिन्छ । सरकारले सय दिने हनिमुन प्रियडमै जनतासँग प्रत्यक्ष जोडिएका केही सेवा त नागरिकको घरसम्मै पुऱ्याउने उल्लेख गरेको छ । कार्ययोजनाको २७ औं बुँदामा सवार ीचालक अनुमति पत्र (लाइसेन्स), राहदानी र नागरिकता, हुलाक सेवामार्फत घरसम्मै पुऱ्याइने बताइएको हो ।

विकसित मुलुकमा जनता र सरकारलाई निकट बनाउन मुख्य भूमिका खेलेको बताइने हुलाक सेवाको प्रभावकारिता नेपालमा घट्दो छ । २०८० माघमा तत्कालीन प्रधानमन्त्री केपी ओली नेतृत्वको मन्त्रिपरिषद् बैठकले हुलाकको संरचना परिवर्तन गर्दै एक हजार ६ सय ३६ दरबन्दी खारेज गर्न गरेको निर्णयले पनि यो प्रमाणित हुन्छ । विश्वसँगै नेपालले पनि प्रविधिलाई अपनाउन थालेपछि त हुलाकको आवश्यकता बारे न जनतालाई चासो रह्यो, न सरकाले नै यसलाई चलायमान बनाउन सक्यो । यस्तो अवस्थामा सरकारले हुलाकलाई ब्यूँताउने निर्णय गरेको छ । सो अवस्थामा नेपालमा हुलाक क्षेत्रको अवस्था के छ ? कसरी के काम गर्दैछ नेपालका हुलाक सेवा ? के सरकारले घोषणा गरेअनुरुपका सेवा दिन हुलाक सेवा तयार छ ? लगायतका प्रश्नसहित हुलाक सेवा विभागकी महानिर्देशक मनमाया भट्टराई पंगेनीसँग खबरहबले गरेको कुराकानीको सम्पादित अशः

चिठ्ठीपत्रलाई प्रविधिले प्रतिस्थापन गरेपछि हुलासबारे नागरिकले चासो राखेनन् । हुलाक सेवा क्षेत्रको वर्तमान अवस्था के छ?

हुलाक भनेको चिठ्ठीपत्र पठाउने माध्यम मात्रै हो भन्ने बुझिएको रहेछ । जब म करिब डेढ वर्षदेखि हुलाक सेवा विभाग प्रमुखका रूपमा कार्यरत छु, त्यसपछि यसको महत्त्व र आवश्यकताको गहिराइ बुझेकी छु । हाम्रो शरीर जीवित रहन रगत जति महत्त्वपूर्ण हुन्छ, त्यति नै देशका लागि महत्त्वपूर्ण निकाय हुलाक रहेछ भन्ने हालको मेरो अनुभूति हो । जसरी शरीरमा रगत कुदै गर्दा हरेक अङ्ग स्वस्थ हुन्छन् र आफ्नो काम गर्छन्, त्यस्तै हुलाक सेवालाई राज्यले जति चलायमान बनाउन सक्यो, त्यति नै राज्य र नागरिकबीच घनिष्ठता बढ्दै जान्छ । नागरिकले सरकारको प्रणालीमाथि विश्वास गर्ने वातावरण बन्छ ।

जब सरकारले दुई वर्ष पहिले अतिरिक्त हुलाक सेवा खारेज गऱ्यो, त्यसपछि यो क्षेत्र शिथिलजस्तै थियो । अहिले हामीले अलिकति मात्रै मिहिनेत गर्दा हाम्रो प्रणालीमा सुधार भएको छ । नेपालको हुलाक सेवा विश्व हुलाक सङ्घको प्रणालीमा जडित भएकाले विश्वभर सेवा विस्तारमा समस्या हुँदैन । उताबाट आएका कुरा हामीले आफ्नो सरह मान्नुपर्छ, उहाँहरूले पनि त्यसै गर्नुहुन्छ ।

स्रोतसाधनको सीमितताले गर्दा छिटो हिँड्न नसके पनि हामी प्रगति उन्मुख भएका छौं । नवनिर्वाचित बालेन्द्र शाह नेतृत्वको सरकारले ल्याएको विषय हामीले चाहेको कुरा हो ।

अहिले के-कस्ता सेवा दिँदै हुनुहुन्छ ?

अहिले हामीले राहदानी विभागसँग सम्झौता गरेर सोअनुसार उहाँहरूले तोकेको ठाउँमा पासपोर्ट पुऱ्याउने गरेका छौं । भूमि व्यवस्थापन तथा अभिलेख विभागसँगको सम्झौताअनुरूप लालपुर्जा पनि बोकेका छौं । त्यस्तै, राष्ट्रिय परिचयपत्र पनि सम्झौताअनुरूप उहाँहरूले तोकेका कार्यालयमा पुऱ्याउने गरेका छौं । हाम्रो इच्छा भनेको जनताको घरसम्मै सेवा पुऱ्याउने हो । हालसम्मको कार्यअनुभवले हामीसँग भएका शाखाको प्रयोग गर्दै यो पनि सम्भव हुन्छ भन्ने लागेको छ ।

कार्ययोजनामा लेखिएको भन्दा बाहेक विश्वविद्यालयका प्रमाणपत्र, परीक्षा फाराम लिन दूरदराजबाट काठमाडौं आउनुपर्ने बाध्यता छ । त्यो पनि हामीले पालिकाबाटै गराउन सक्छौं । राहदानीको हकमा हामीले अहिले राहदानी विभागले तोकेअनुरूप जिल्ला प्रशासन कार्यालयसम्म मात्रै पठाइरहेका छौं । अब केही समयभित्रै सम्झौता नवीकरण गर्नुपर्नेछ । त्योअघि सेवाग्राहीले फाराम भर्दा नै आफ्नो प्रदेश, जिल्ला, पालिका हुँदै वडा र घरनजिकैको ठेगाना छनोट गर्न सकिने प्रणाली विकासको चरणमा छ । केही समयमै प्रयोगमा ल्याइनेछ । त्यसपछि उहाँहरूले भरेको विवरण र सरकारले निर्णय गरेअनुसार काम गरेमा सेवाग्राहीले इच्छाएको स्थानमा पुऱ्याउन सकिन्छ । हामी सरकारसँग मिलेर काम गर्न उत्साहित छौं ।

नेपालको हुलाक क्षेत्रले आफ्नो सेवा कहाँसम्म विस्तार गरेको छ ?

विश्व हुलाक सङ्घमार्फत संसारभरका १९२ देशमा सेवा विस्तार गर्ने प्रयासमा हामी लागेका छौं । सरकारले गत वर्ष माघ १३ गते यो सेवालाई पुनःसंरचना गर्दै पालिकामा हुलाक सेवा विस्तार गरेको थियो । त्यसपछि देशका सबै पालिका तथा ७७ वटै जिल्लास्तर ीय कार्यालय र सातै प्रदेशमा निर्देशनालय अहिले पनि सक्रिय छन् । तापनि त्यहाँ सङ्घकै एकाधिकार रहन्छ । यस्तै, हामीले विश्वका ७५ देशका ९२ गन्तव्यमा सेवा दिइरहेका छौं ।

सुरक्षाको हकमा हुलाकमार्फत पठाइएको सामान लैजाने सवारी ट्रयाकिङ गर्न अन्तर ीष्ट्रिय स्तरमा समेत जोडिएको 'आईपीएस डट पोस्ट' रहेको छ । जसबाट देश-विदेशमा पठाइएका सबै सामान कहाँ पुग्यो वा पुगेन, यहींबाट ट्रयाकिङ गर्न सकिन्छ ।

कुनै पनि कागजात वा सामान पठाउँदा सुरक्षा चुनौतीको सामना कसरी गर्दै हुनुहुन्छ ?

सुरक्षाको हकमा हुलाकमार्फत पठाइएको सामान लैजाने सवारी ट्रयाकिङ गर्न अन्तर्राष्ट्रिय स्तरमा समेत जोडिएको 'आईपीएस डट पोस्ट' रहेको छ । जसबाट देश-विदेशमा पठाइएका सबै सामान कहाँ पुग्यो वा पुगेन, यहींबाट ट्रयाकिङ गर्न सकिन्छ ।

यस्तै, विभागसँग रहेको अर्को प्रणाली 'सीडीएस डट पोस्ट'ले भने भन्सारको काम गर्छ । गुणस्तर नियन्त्रण प्रणाली, उपभोक्ता सोधपुछ प्रणाली लगायतको पनि व्यवस्थापन छ । एसिया प्यासिफिक पोस्टल युनियन (एपीपीयू) र युनिभर्सल पोस्टल युनियनमा नेपालको हुलाक सेवा क्षेत्र सदस्य छ । 'ग्लोबल ईएमएस कोअपरेटिभ'का त हामी पूर्ण सदस्य हौं । पूर्ण सदस्य भएपछि हामीले सबै मुलुकबाट सामान ल्याउन र पठाउन सक्छौं । हामीले सेवा-सुविधा बढाएर संसारभरका १९२ देशमै पुग्न सक्ने हाम्रो 'स्पेस' छ ।

यस्तै, हामीसँग भएको ट्रयाकिङ प्रणालीमार्फत जोकोहीले देश-विदेशबाट सामान पनि पठाउन सक्छ । द्रुत डाँक सेवा पनि हामीसँग छ । स्मार्ट हुलाकमा हामी जाँदै छौं । गोरखाबाट परीक्षणका रूपमा पहिलोपटक सुरु भइसकेको छ । यसै वर्ष ५० वटा कार्यालयलाई स्मार्ट बनाइने योजना छ । अब यसलाई व्यवस्थित बनाउन स्मार्ट हुलाकमार्फत डिजिटल रूपमा सूचना राख्ने जनशक्ति, ट्रयाकिङ प्रणाली विकास गर्ने र समन्वय गरेको निकायमा हाम्रो सम्पर्क व्यक्ति (फोकल पर्सन) राख्ने योजना छ । यसले सुरक्षालाई थप मजबुत बनाउनेछ ।

नेपालका पुराना निकायमध्ये एक यो क्षेत्रले के-कस्ता अप्ठ्यारा भोगिरहेको छ?

सवारीसाधन निकै थोरै हुँदा डाँक बोक्ने सवारी तथा ठुला ट्रक पर्याप्त छैनन् । समयमै सामान गन्तव्यमा पुग्न सकेका छैनन् । ठुला ट्रक गोश्वारा हुलाक डिल्लीबजार र चितवन कार्यालयसँग जम्मा सात वटा मात्रै छन् । जसकारण हामीले सार्वजनिक यातायात क्षेत्र र हवाई क्षेत्रसँगको समन्वयमा सरकारी सेवासहित निजी पार्सलसमेत स्वदेश तथा विदेशमा पठाउने काम गर्दै आएका छौं । निजी क्षेत्रसँगको सम्झौतामै भए पनि हामीसँग भएका शाखाले नागरिकको घरआँगनमै सेवा पुऱ्याउन सकिन्छ भन्नेमा हामी विश्वस्त छौं ।

यस्तै, हाम्रा अधिकांश भवन जीर्ण छन् । न्यून बजेटमा सेवा दिइरहेका छौं । पालिकास्तर का कार्यालय कुनै भाडामा चलेका छन् भने कुनै पालिकाले दिएको कोठामा चलेका छन् । हामी अहिले 'स्रोतभन्दा ठुलो सोच' भन्ने दर्शनका साथ काम गरिरहेका छौं ।

सरकारले हुलाकमार्फत सार्वजनिक सेवाका लागि नागरिकसँग जोडिने कार्यक्रम अघि बढाएको छ । हुलाकको स्थिति चाहिँ कस्तो छ ?

तिला नदीको भैंसीगौंडामा बेलिब्रिज निर्माण हुने



काँक्रेविहार संवाददाता
कालीकोट, १८ चैत

बाढीले पक्की पुल बगाएपछि लामो समयदेखि सडक सञ्चालनमा नआउदा भैंसीगौंडामा अब बेलिब्रिज निर्माण हुने भएको छ। तिलागुफा नगरपालिका-६ देखि ९ लाई जोड्ने तिला नदीमाथि अस्थायी बेलिब्रिज निर्माण प्रक्रिया अघि बढेको हो।

२०७९ साल असोजमा आएको बाढीले निर्माण सम्पन्न भए पनि हस्तान्तरण नभएको पुल बगाएपछि तिलागुफा नगरपालिका-९, १०, ११ तथा महाबै गाउँपालिका क्षेत्र सडक सञ्जालबाट विच्छेद भएका थिए। कानुनी जटिलताका कारण नयाँ पुल निर्माणमा ढिलाइ भइरहेको अवस्थामा अब बेलिब्रिज निर्माणका लागि बाटो खुलेको छ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले चैत १० गते सङ्घीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय पोखरालाई आवश्यक प्रक्रिया अघि बढाउन निर्देशन दिएपछि बेलिब्रिज निर्माणको प्रक्रिया सुरु भएको हो।

मन्त्रीस्तरको निर्णयअनुसार बेलिब्रिज ढुवानी र जडानसम्बन्धी खर्च तिलागुफा नगरपालिकाले व्यहोर्नेछ। स्थानीयवासी नवीन उपाध्याय ढकालले बेलिब्रिज निर्माणको खबरले राहत मिलेको बताए। उनका अनुसार पुल अभावका कारण नागरिकहरूले दैनिक आवतजावतमा समस्या भोग्दै आएका छन्।

वर्षेनि तिला नदी पार गर्ने क्रममा दुर्घटना हुने र ज्यान जाने घटना समेत दोहोरिँदै आएको छ। बेलिब्रिज निर्माणपछि आवतजावत सहज हुने र स्थानीय जनजीवन सामान्य बन्ने अपेक्षा गरिएको छ।

लागूऔषध नियन्त्रणका लागि समुदाय र प्रहरीबिच साझेदारी

काँक्रेविहार संवाददाता
सुर्खेत, १८ चैत

बेलायत सरकारको सहयोगमा 'युएनउप्स'द्वारा सञ्चालन गरिएको सुरक्षा तथा न्याय कार्यक्रम अन्तर्गत समुदाय-प्रहरी साझेदारी कार्यक्रमको समीक्षा गरिएको छ। कर्णाली प्रदेशका विभिन्न जिल्लामा सञ्चालन गरिएको यस कार्यक्रमले सुरक्षा र सामाजिक क्षेत्रमा सकारात्मक प्रभाव पारेको निष्कर्ष निकालिएको छ।

सुर्खेत, सल्यान र जाजरकोटका विभिन्न स्थानीय तहमा पछिल्लो १८ महिनादेखि सञ्चालनमा रहेको कार्यक्रममा प्रहरी संरचना निर्माणदेखि लागुऔषध नियन्त्रणसम्म उल्लेखनीय उपलब्धि हासिल भएको बताइएको छ।

सुर्खेतमा आयोजित समीक्षा कार्यक्रममा नेपाल प्रहरीका डिएसपी विकास थापाले समुदाय-प्रहरी साझेदारी



कार्यक्रमले प्रहरीको क्षमता अभिवृद्धि गर्नुका साथै भौतिक पूर्वाधार निर्माणमा टेवा पुऱ्याएको जानकारी दिए। उनका अनुसार लागुऔषध दुर्व्यसन नियन्त्रणका लागि वडा तहसम्म समिति गठन गरी सचेतनामूलक कार्यक्रम सञ्चालन भइरहेको छ।

साथै, देशभरका ४८३ स्थानीय तहमा यस विषयलाई स्थानीय पाठ्यक्रममा समावेश गर्ने तयारी भइरहेको छ। कार्यक्रममार्फत समुदायको सहभागिता उल्लेख्य रूपमा बढेको, टोलस्तरसम्म समिति गठन गरिएको, लागुऔषधविरुद्ध जनचेतना फैलिएको र विभिन्न पालिकामा लैङ्गिक हिंसा निवारण कोष स्थापना भएको जानकारी दिए।

यसैगरी, प्रहरीलाई तालिम प्रदान गरिएको र आवश्यक भौतिक संरचनासमेत निर्माण गरिएको छ। नेपाल प्रहरीका वरिष्ठ प्रहरी उपरीक्षक गोपाल चन्दले कार्यक्रम आगामी वर्ष थप स्थानीय तहमा विस्तार गरिने जानकारी दिए। कर्णाली प्रदेशका सामाजिक विकासमन्त्री घनश्याम भण्डारीले सडक विस्तारसँगै लागुऔषध ओसार पसार बढेको उल्लेख गर्दै आगामी नीति तथा कार्यक्रममा समुदाय-प्रहरी सहकार्यलाई प्राथमिकता दिने प्रतिबद्धता जनाए।

कर्णाली प्रदेशका प्रमुख सचिव वीरेन्द्रकुमार यादवले प्रभावकारी देखिएको यस कार्यक्रमलाई थप विस्तार गर्न सुझाव दिए। 'युएनउप्स'का नेपाल प्रमुख कोमल कार्कीले कार्यक्रमअन्तर्गत करिब ८० प्रतिशत भौतिक संरचना निर्माण सम्पन्न भइसकेको जानकारी दिए।

कार्यक्रमका सहभागीहरूले कर्णाली प्रदेश लागुऔषध दुर्व्यसनको 'ट्रान्जिट' बन्दै गएकोमा चिन्ता व्यक्त गर्दै यस समस्याको समाधानका लागि निरन्तर जनचेतना र समुदाय-प्रहरी सहकार्यलाई अझ सुदृढ बनाउनुपर्ने आवश्यकता औंल्याएका छन्। साथै, लैङ्गिक हिंसा, बालविवाह र जातीय विभेदजस्ता सामाजिक समस्यामा पनि संयुक्त प्रयास आवश्यक रहेको सहभागिहरुको भनाइ छ।

उद्योग बन्द हुने क्रम बढ्दो, उद्यमी नीतिगत अन्योलमा



काँक्रेविहार संवाददाता
डोल्पा, १८ चैत

हिमाली जिल्ला डोल्पामा एक समय सरकारी अनुदानको आकर्षणमा खुलेका उद्योगहरू अहिले क्रमशः बन्द हुन थालेका छन्। नीतिगत स्पष्टता र सहुलियत अभावका कारण स्थानीय उद्यमीहरू उद्योग सञ्चालन भन्दा खारेजीतर्फ उन्मुख भएका छन्। उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालयका अनुसार जिल्लामा हालसम्म २ हजार २८० उद्योग दर्ता भएका छन्। चालु आर्थिक वर्ष २०८२/०८३ मा ६१ वटा नयाँ उद्योग दर्ता भए पनि केवल १५० उद्योगले नवीकरण गरेका छन्। यसै अवधिमा २३ उद्योग खारेज भएका छन् भने गत वर्षका १८ सहित कुल ४१ उद्योग बन्द भइसकेका छन्। कार्यालयका निमित्त प्रमुख निरज घिमिरेका अनुसार चालु वर्षमा ९ लाख ४६ हजार १६० रुपैयाँ राजस्व संकलन भएको छ। जसमा उद्योग दर्ताबाट ८ लाख ५३ हजार ४ सय, निवेदनबाट १९ हजार ४ सय, मेसिन औजार बिक्रीबाट ४२ हजार र उत्पादित वस्तु बिक्रीबाट ३१ हजार ३६० रुपैयाँ संकलन गरिएको छ। विगतमा विभिन्न सरकारी निकाय र स्थानीय तहबाट प्रदान गरिएका अनुदानका कारण उद्योग खोल्ने लहर देखिएको थियो। तर अहिले त्यस्ता कार्यक्रमहरू घट्दै गएपछि उद्यमीहरू आर्थिक भार धान्न नसकी उद्योग बन्द गर्न बाध्य भएका छन्। नियमित कर चुक्ता, नवीकरण शुल्क र प्रशासनिक झन्झट बढ्दै जाँदा व्यवसायीहरू निराश बन्दै गएका छन्। नीतिगत अस्थिरता र आवश्यक सहुलियतको अभावले उद्योग सञ्चालन भन्दा बन्द गर्ने अवस्था सिर्जना गरेको उद्यमीहरूको भनाइ छ। सरकारले उद्यमशीलता प्रवर्द्धनको कुरा दोहोर्याइरहे पनि व्यवहारमा सहयोगको कमी हुँदा ग्रामीण क्षेत्रका उद्योगहरू टिक्न नसक्ने अवस्था झन् चुनौतीपूर्ण बन्दै गएको बताए।

५० प्रतिशत अनुदानमा उन्नत धानको बीउ वितरण



काँक्रेविहार संवाददाता
कञ्चनपुर, १८ चैत

शुक्लाफाँटा नगरपालिकाले धान उत्पादन वृद्धि गर्ने लक्ष्यसहित किसानलाई उन्नत जातका धानको बीउमा ५० प्रतिशत अनुदान दिने कार्यक्रम अघि बढाएको छ। नगरपालिकाको कृषि विकास शाखाका अनुसार चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रम अनुसार सावा मन्सुली, रामधान, राधा-४, हर्दिनाथ-३, हर्दिनाथ-६, सर्जु-५२ तथा सुक्खा-३ र ६ जातका धानको बीउ खरिद गरी वितरण गरिनेछ।

यी बीउ समूह, सहकारी र कृषि फर्ममार्फत किसानसम्म पुऱ्याइने तयारी गरिएको छ। कृषि विकास शाखा प्रमुख करनसिंह बुढाऐरका अनुसार स्थानीय माटो र वातावरणअनुकूल जातको छनोट गरी करिब १७ मेट्रिकटन धानको बीउ वितरण गरिनेछ। यस कार्यक्रमले धान उत्पादनमा उल्लेखनीय वृद्धि हुने अपेक्षा गरिएको छ।

नगरपालिकाले प्रति किलो ७८ रुपैयाँका दरले बीउ खरिद गरी आधा मूल्यमा किसानलाई उपलब्ध गराउने जनाएको छ। यसबाट किसानको लागत घट्नुका साथै उत्पादन वृद्धि भई खाद्य सुरक्षामा टेवा पुग्ने विश्वास गरिएको छ।

प्रारम्भिक बालविकास शिक्षकलाई १० दिने तालिम



काँक्रेविहार संवाददाता
रूकुम पश्चिम, १८ चैत

पुथा उत्तरगङ्गा गाउँपालिकामा प्रारम्भिक सिकाई तथा विकास मापदण्ड ९भीम्क० सम्बन्धी १० दिने तालिम सुरु भएको छ। बालविकास केन्द्रका शिक्षकहरूको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले गरिएको हो। उक्त कार्यक्रम गाउँपालिकाको आयोजनामा सञ्चालन भएको हो।

तालिममा यूनिसेफ नेपाल, कालिका स्वावलम्बन सामाजिक केन्द्र कपिलवस्तुको समन्वय तथा सेतो गुराँस राष्ट्रिय बालविकास सेवा नेपालको प्राविधिक सहयोग रहेको छ। चैत १७ गतेदेखि सुरु भएको तालिम चैत २६ गतेसम्म सञ्चालन हुने जनाइएको छ। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयअन्तर्गत शिक्षा तथा मानव स्रोत विकास केन्द्रले तयार पारेको पाठ्यक्रममा आधारित यो तालिममार्फत सामुदायिक बालविकास केन्द्रका शिक्षकहरूको दक्षता अभिवृद्धि गरिनेछ। यसबाट गुणस्तरीय बालविकास सेवा प्रवाहमा टेवा पुग्ने विश्वास गरिएको छ। गाउँपालिकाका शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख रामप्रसाद खड्काले प्रारम्भिक बालविकास शिक्षा नै समग्र शिक्षाको आधार भएकाले यस क्षेत्रमा लगानी र सुधार आवश्यक रहेको बताए। सामाजिक विकास समिति संयोजक टिकासाई घर्तीले बालविकासबाटै शैक्षिक सुदृढीकरण सुरु गर्नुपर्ने आवश्यकता औंल्याउँदै तालिमले सकारात्मक परिवर्तन ल्याउने विश्वास व्यक्त गरे। उद्घाटन कार्यक्रममा निमित्त प्रमुख प्रशासकीय अधिकृत शेरबहादुर बिसी, प्रशिक्षक राधा मल्ल तथा शिक्षा प्राविधिक अधिकृत केशवकुमार बिसीलगायतको उपस्थिति रहेको थियो। तालिममा बालविकास केन्द्रका २४ जना शिक्षक र एक जना शाखा प्रतिनिधि गरी २५ जनाको सहभागिता रहेको छ। तालिम सहजीकरण सेतो गुराँस राष्ट्रिय बालविकास सेवा नेपालका प्रशिक्षक राधा मल्लले गरिरहेकी छन्।

तिला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
जुम्ला
कर्णाली प्रदेश नेपाल

जनहितमा जारी सन्देश !

- योजना निर्माण गर्दा दिगोपना, गुणस्तर र पारदर्शीतालाई ध्यानमा राखी योजना निर्माण गरौं।
- मालपोत, घरजग्गा कर आदि समयमै तिरौं, नागरिकको दायित्व पूरा गरी गौरव गरौं र जरिवानाबाट बचौ।
- खोप लगाउने उमेरका बालबालिकालाई निर्धारित अवधिभित्रै खोपको मात्रा पूरा गराऔं।
- चट्याङ र आगलागीका कारण हुन सक्ने क्षतिबाट आफू पनि बचौ र अरूलाई पनि बचाऔं।
- सडक तथा सार्वजनिक जग्गाको अतिक्रमण नगरौ, हुन पनि नदिऔं।
- सधैंभरी घर, आँगन र सडक सफा राखौं, कुरिती र कुसंस्कारलाई जरैदेखि फ्याँकौ, सभ्य र असल नागरिक बनौं र बनाऔं।
- आगलागी हुने प्रज्वलनशील पदार्थहरू, बारुदजन्य पदार्थ बालबालिकाको पहुँचमा नराखौं, रूख रोपौं, वन जोगाऔं।
- आगलागी हुन नदिऔं, भएमा तुरुन्त आफू र आफ्नो समुदाय, नजिकको प्रहरी वा नगरपालिकाको सहयोगमा कार्य गरौं।
- घरको संरचना बलियो बनाऔं, हावाहुरी चल्न थालेपछि झ्यालढोका बन्द गरौं।
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाँधौं, छतको गमला सुरक्षित रुपमा राखौं।
- हावाहुरी चलेमा भागदौड नगरौं, विस्तारै सुरक्षित स्थानमा जाऔं, हावाहुरी चलेको बेला सवारी नचलाऔं।
- आवश्यक बाहेक बाहिर नहिडौं, मास्क लगाएर हिडौं, पानी प्रशस्त पिऔं निरोगी बनौं।
- जन्म, मृत्यु, विवाह, बसाइँसराइजस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं।
- सामाजिक सुरक्षा भत्ता पाउनु पर्नेले लिन नछुटौं, नपाउनेले लिइरहेको भए बन्द गराऔं।

सहयोगको लागि हजुरहरू सबैलाई धेरै धेरै धन्यवाद !

सर्केगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
हुम्ला
कर्णाली प्रदेश नेपाल

जनहितमा जारी सन्देश !

- योजना निर्माण गर्दा दिगोपना, गुणस्तर र पारदर्शीतालाई ध्यानमा राखी योजना निर्माण गरौं।
- मालपोत, घरजग्गा कर आदि समयमै तिरौं, नागरिकको दायित्व पूरा गरी गौरव गरौं र जरिवानाबाट बचौ।
- खोप लगाउने उमेरका बालबालिकालाई निर्धारित अवधिभित्रै खोपको मात्रा पूरा गराऔं।
- चट्याङ र आगलागीका कारण हुन सक्ने क्षतिबाट आफू पनि बचौ र अरूलाई पनि बचाऔं।
- सडक तथा सार्वजनिक जग्गाको अतिक्रमण नगरौ, हुन पनि नदिऔं।
- सधैंभरी घर, आँगन र सडक सफा राखौं, कुरिती र कुसंस्कारलाई जरैदेखि फ्याँकौ, सभ्य र असल नागरिक बनौं र बनाऔं।
- आगलागी हुने प्रज्वलनशील पदार्थहरू, बारुदजन्य पदार्थ बालबालिकाको पहुँचमा नराखौं, रूख रोपौं, वन जोगाऔं।
- आगलागी हुन नदिऔं, भएमा तुरुन्त आफू र आफ्नो समुदाय, नजिकको प्रहरी वा नगरपालिकाको सहयोगमा कार्य गरौं।
- घरको संरचना बलियो बनाऔं, हावाहुरी चल्न थालेपछि झ्यालढोका बन्द गरौं।
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाँधौं, छतको गमला सुरक्षित रुपमा राखौं।
- हावाहुरी चलेमा भागदौड नगरौं, विस्तारै सुरक्षित स्थानमा जाऔं, हावाहुरी चलेको बेला सवारी नचलाऔं।
- आवश्यक बाहेक बाहिर नहिडौं, मास्क लगाएर हिडौं, पानी प्रशस्त पिऔं निरोगी बनौं।
- जन्म, मृत्यु, विवाह, बसाइँसराइजस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं।
- सामाजिक सुरक्षा भत्ता पाउनु पर्नेले लिन नछुटौं, नपाउनेले लिइरहेको भए बन्द गराऔं।

सहयोगको लागि हजुरहरू सबैलाई धेरै धेरै धन्यवाद !

हाई अल्टिच्युड ट्रेनिङ सेन्टरका लागि जग्गा सुनिश्चित

काँक्रेविहार संवाददाता
जुम्ला, १८ चैत

पातारासी गाउँपालिका-३ लोडचौरमा कर्णाली हाई अल्टिच्युड ट्रेनिङ सेन्टर निर्माणका लागि आवश्यक जग्गा अन्ततः प्राप्त भएको छ। समुद्री सतहदेखि करिब २ हजार ८ सय ५० मिटर उचाइमा रहेको उक्त स्थानमा लामो प्रयासपछि जग्गा व्यवस्थापन सम्पन्न भएको हो।

सोमबार जुम्ला खेलकुद विकास समितिका कार्यालय प्रमुख कविदत्त न्यौपानेले राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिव रामचरित्र मेहतालाई जग्गाको लालपुर्जा हस्तान्तरण गरेका छन्।

उक्त जग्गा स्थानीय लाउरो बोहरा, गोरबहादुर बोहरा र कुम्भर बोहरालेनिःशुल्क उपलब्ध गराएका हुन्। करिब ६ हजार १ सय २० वर्ग मिटर क्षेत्रफल रहेको जग्गा व्यवस्थापनमा पातारासी गाउँपालिका उपाध्यक्ष जनमाया रोकाया र युवा अभियन्ता प्रकाश खड्काको महत्वपूर्ण भूमिका रहेको जनाइएको छ।

यसैबीच स्थानीय रन महतारालेपनि थप जग्गा उपलब्ध गराउने प्रतिबद्धता जनाएका छन्। वडाध्यक्ष गोविन्द रावतका अनुसार हाल हदबन्दीमा परेको उक्त जग्गा फुकुवा प्रक्रिया पूरा भएपछि प्रशिक्षण केन्द्रका लागि उपयोग गरिनेछ।



यस परियोजनाको सम्भाव्यता अध्ययन २०७४ सालमा तत्कालीन खेलकुद मन्त्रालयका सचिव महेश दाहालको नेतृत्वमा गरिएको थियो। त्यसपछि राष्ट्रिय खेलकुद परिषद्ले भ्याटसहित करिब एक अर्ब ५८ लाख रुपैयाँको विस्तृत परियोजना प्रतिवेदन (एफ्च) तयार गरेको छ।

जग्गा एकीकरण पछिको प्रारम्भिक चरणमा रंगशाला निर्माणका लागि मैदान सम्याउन मात्रै हालसम्म करिब २ करोड ५० लाख रुपैयाँ खर्च भइसकेको छ। चालू आर्थिक वर्ष ०८१/०८२ मा ६ करोड ३० लाख रुपैयाँ बजेट विनियोजन भए पनि अघिल्लो वर्ष समयमै जग्गा प्राप्त नहुँदा ५ करोड ६६ लाख रुपैयाँ बजेट फ्रिज भएको थियो।

डीपीआर अनुसार यहाँ भलिबल, फुटबल, करँते, बक्सिङ, तेक्वान्दो, बास्केटबल र एथलेटिक्सलगायत दुई दर्जनभन्दा बढी खेलका पूर्वाधार निर्माण गरिनेछ।

साथै, स्विमिङ पुल, लैंगिकमैत्री छात्रावास, सुरक्षा संरचना, पाहुनाघर र टिकट काउन्टरसमेत निर्माण गरिने योजना रहेको छ। जग्गा सुनिश्चित भएसँगै अब प्रशिक्षण केन्द्र निर्माणको प्रक्रिया तीव्र हुने अपेक्षा गरिएको छ।

राष्ट्रिय सहकारी दिवसमा विविध कार्यक्रम

काँक्रेविहार संवाददाता
सुर्खेत, १८ चैत

६१औँ राष्ट्रिय सहकारी दिवस २०८२ को अवसरमा सुर्खेतमा विभिन्न सामाजिक तथा रचनात्मक कार्यक्रमहरू आयोजना गरिएको छ। "उद्यमशीलता र पारदर्शिता : सहकारीको प्राथमिकता" भन्ने मूल नारासहित जिल्ला सहकारी सङ्घ सुर्खेतको आयोजनामा कार्यक्रमहरू सञ्चालन भइरहेका छन्। जिल्ला सहकारी सङ्घ सुर्खेतका अध्यक्ष प्रकाश कुमार तिमल्सिनाका अनुसार दिवसको अवसरमा सहकारी संस्थाहरूको सक्रिय सहभागितामा विभिन्न चरणका कार्यक्रम हुँदै आएका छन्। कार्यक्रमअन्तर्गत चैत १७ गते बिहान ७ बजे देउती बज्यै परिसरमा सरसफाइ कार्यक्रम गरिएको छ। त्यस्तै चैत १८ गते पिपल चौतारी, सुर्खेतमा रक्तदान कार्यक्रम आयोजना गरिएको थियो। चैत १९ गते आज मानव सेवा आश्रम, वीरेन्द्रनगर-१२ र प्रसान्ति वृद्धाश्रम, वीरेन्द्रनगर-०९ मा फलफूल तथा खाद्यान्न वितरण कार्यक्रम सञ्चालन गरिने जनाइएको छ। मुख्य दिवसका दिन चैत २० गते बिहान ११ बजे मंगलगढी चोकमा बाजागाजा सहितको च्याली आयोजना गरी शुभ होटल, वीरेन्द्रनगरमा औपचारिक कार्यक्रम सम्पन्न गरिनेछ। कार्यक्रममा सहकारी संस्थाका सञ्चालक, कर्मचारी तथा शेयर सदस्यहरूको व्यापक सहभागिता रहने अपेक्षा गरिएको छ। अध्यक्ष तिमल्सिनालेसहकारी क्षेत्रलाई अझ पारदर्शी, उत्तरदायी र उद्यमशील बनाउन यस्ता कार्यक्रमले सकारात्मक सन्देश दिने विश्वास व्यक्त गरे।

आठ महिनामा ४६ करोडभन्दा बढी मूल्यको जडिबुटी निर्यात

काँक्रेविहार संवाददाता
नेपालगञ्ज, १८ चैत

पश्चिम नेपालको प्रमुख नाकामध्ये एक नेपालगन्ज नाकाबाट चालु आर्थिक वर्ष २०८२/८३ को साउनदेखि फागुन मसान्तसम्म करिब ४६ करोड १३ लाख रुपैयाँ मूल्यको जडिबुटी निर्यात भएको छ। नेपालगन्ज भन्सार कार्यालयका सूचना अधिकारी पवित्र कुमार खड्काका अनुसार यस अवधिमा कुल १४ लाख २० हजार २ सय ९० किलो विभिन्न जडिबुटी भारतलगायतका देशमा पठाइएको छ। भन्सारको तथ्यांकले देखाएको निर्यात वर्षप्रतिवर्ष बढ्दै गएको छ। यस वर्ष नेपालगन्ज नाकाबाट सल्लाको आँखला पनि पहिलो पटक निर्यात सुरु भएको छ।

चालु आर्थिक वर्षमा ३९ हजार ६ सय ४९ मेट्रिक टन सल्लाको आँखला करिब १९ लाख ३९ हजार रुपैयाँ मूल्यमा निर्यात भएको छ।

जडिबुटी व्यवसायी संघ बाँकेका अध्यक्ष टंक प्रसाद शर्माका अनुसार सल्लाको आँखलामा एक सय प्रतिशत कर लागेकाले निर्यात अपेक्षाकृत कम भएको हो। निकासी कर घटाइएमा निर्यात धेरै बढ्न सक्छ, उनले बताए।

संसदीय दलको नेता चयन भएलगत्तै बादल बने एमाले कार्यवाहक अध्यक्ष

काँक्रेविहार संवाददाता
काठमाडौं, १८ चैत

नेकपा एमालेले कार्यवाहक अध्यक्षको जिम्मेवारी उपाध्यक्ष रामबहादुर थापा बादललाई दिएको छ।

अध्यक्ष केपी शर्मा ओली ज्यानसम्बन्धी मुद्दाको अनुसन्धानका लागि हिरासतमा रहेकाले थापालाई कार्यवहाकको जिम्मेवारी दिइएको हो।

एमाले अध्यक्ष ओलीले आफू हिरासतबाट मुक्त नहुँदासम्मका लागि बादललाई कार्यवहाक अध्यक्षको जिम्मेवारी दिएका एमाले नेता ऐन महरले बताए।

गत मंसिरमा सम्पन्न एमालेको महाधिवेशनबाट उपाध्यक्षमा निर्वाचित बादल पार्टीमा दोस्रो बरियतामा छन्।

एमालेको बुधवार बसेको संसदीय दलको बैठकले बादललाई संसदीय दलको नेता पनि चयन गरेको छ। गत फागुन २१ मा सम्पन्न प्रतिनिधिसभा निर्वाचनबाट एमालेका २५ सांसद निर्वाचित भएका छन्।

यौन हिंसाबाट बचौं र बचाऔं:

- यौनजन्य हिंसा सामाजिक अपराध हो,
- बालबालिका यौनजन्य हिंसाको जोखिममा हुन सक्छन्,
- हिंसा छिमेकी, आफन्त, साथीभाई, परिचित, नातेदार वा जोसुकैबाट हुनसक्छ,
- अभिभावकले आफ्ना छोराछोरीको व्यवहार ख्याल गरौं,
- बालबालिकाको चालचलन, बानीव्यहोरामा अस्वभाविक परिवर्तन आएको हुन सक्छ, त्यस्तो पाइए उनीहरुसँग तत्काल कुरा गरौं,

बालबालिकासँग नियमित सम्वाद गर्ने गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

सूचना, समाचार तथा विज्ञापनको लागि
९८५१३४४७५४ मा सम्पर्क गर्नुहोला।

उद्योग खारेजीको सूचना

उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय कालीकोटमा म/हामी श्री धर्मप्रसाद उपाध्याय र पूर्णप्रसाद उपाध्याय धनी रहेको, दर्ता नम्बर १८८४/२०७७/०७८ बाट नरहरीनाथ गाउँपालिका वडा नं. २ मा सञ्चालन हुने गरी दर्ता श्रेष्ठा कायम रहेको श्री मालिका वाइल्ड लाइफ एग्रो फर्म नामको साझेदारी उद्योग हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नु पर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैतिस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको दायित्व बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय, कालीकोट समक्ष लिखित रूपमा दाबी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ।

काठ लिलाम बिक्री सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशित मिति २०८२/१२/१९ गते

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट संकलन भएर उत्पादन भई घाटगद्दी गरी राखिएको साल जातको ए, बि, सि र डि ग्रेडको गोस २१, १५, १४ र २ गोलियाको ४४६.०८, १८९.४७, १४०.२९, १२.७५ क्युफिटको र असना जातको ए, बि, सि ग्रेडको गोस ७, १ र ३ गोलियाको १४५.७०, ९.००, १५.९९ क्युफिटको आ.व. २०८२/०८३ मा कटान भई घाटगद्दी गरि राखिएको काठ बोलपत्रद्वारा लिलाम बिक्री गर्न प्रथम पटक सूचना प्रकाशित गरिएको छ। ईच्छुक व्यक्ती, संघ-संस्था, फर्म वा कम्पनीले यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिनभित्र सिलबन्दी बोलपत्र खरिद गरी २२ औं दिनको १:०० बजे सा.व.उ.स.को कार्यालयमा दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सा.व.उ.स. को कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

अध्यक्ष
मंग्राह सामुदायिक वन उपभोक्ता समूह
पञ्चपुरी न.पा.२, सुर्खेत

कर्मचारी आवश्यकता !

यस काँक्रेविहार राष्ट्रिय दैनिकको सुर्खेत कार्यालयका लागि निम्न कर्मचारी आवश्यक परेको हुँदा इच्छुक नेपाली नागरिकले सूचना प्रकाशित भएको मितिले सात (७) दिनभित्र यस कार्यालय वा निम्न ठेगानामा सम्पर्क गर्नुहुन अनुरोध छ।

पद : बजार व्यवस्थापक
संख्या : २ जना , १ महिला, १ पुरूष
सेवा सुविधा : यस दैनिकको नियमानुसार हुनेछ।

अनुभवीलाई विशेष प्राथमिकता दिइनेछ।

नोट : इच्छुक व्यक्तिले ईमेल ekankrebihardaily@gmail.com मा शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकताको प्रतिलिपि र पासपोर्ट साइजको फोटो एकप्रति ईमेल गर्न सक्नुहुनेछ।

काँक्रेविहार राष्ट्रिय दैनिक
वीरेन्द्रनगर-६, सुर्खेत
सम्पर्क : ९८५१३४४७५४

काठ लिलाम बिक्री सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशित मिति २०८२/१२/१९ गते

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट संकलन भएर उत्पादन भई घाटगद्दी गरी राखिएको साल जातको ए, बि र सि ग्रेडको गोस २१, २१ र १२ गोलियाको ४०७.४०, २३०.६९, ८२.५९ क्युफिटको आ.व. २०८२/०८३ मा कटान भई घाटगद्दी गरि राखिएको काठ बोलपत्रद्वारा लिलाम बिक्री गर्न प्रथम पटक सूचना प्रकाशित गरिएको छ। ईच्छुक व्यक्ती, संघ-संस्था, फर्म वा कम्पनीले यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिनभित्र सिलबन्दी बोलपत्र खरिद गरी २२ औं दिनको १:०० बजे सा.व.उ.स.को कार्यालयमा दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सा.व.उ.स. को कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

अध्यक्ष
सिर्जनशिल सामुदायिक वन उपभोक्ता समूह
चौकुने गा.पा.२, सुर्खेत



काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८५८०५०५०५, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)